# कालिका पावर कम्पनी लिमिटेड
भरतपुर १०, चितवन
फोन: ०५६५२०४५६, फ्याक्स: ०५६५२००५६
Email: info@kalikagroup.com, daraudikalikahydro@gmail.com | Website: www.kalikapower.com.np

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०।०९।०७ गतेको मध्यान्ह दैनिक)**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८०।०९।०६ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०७९।०८० को बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित प्रस्ताव उपर छलफल गरी निर्णय पारीत गर्नको लागि बस्ने भएको हुँदा साधारण सभामा उपस्थितिको लागि सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान:**
**मिति : २०८० साल पौष महिना २८ गते शनिबार ।**
**समय : बिहान ११ बजे**
**स्थान : दियालो फुडल्याण्ड चितवन प्रा. लि., भरतपुर १०, चितवन**

**छलफल गरिने प्रस्ताव (एजेण्डा):**

**(१) सामान्य प्रस्ताव:**

क. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
ख. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७९।०८० को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरण उपर छलफल गरी पारित गर्ने ।
ग. कम्पनी ऐन, २०६३ को दफा १११, बमोजिम आ.व. २०८०।०८१ को लेखापरिक्षण कार्यको लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
घ. संचालक समितिको तर्फवाट आ.व.०७९।०८० मा गरेको संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।
ङ. संचालक समितिको सिफारीस बमोजिम यस कम्पनीको आ.व.०७९।०८० को संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु ७९,३५,००,०००। को ०.५२६३ प्रतिशतले हुन आउने रकम रु ४१,७६,३१६/-(अक्षरेपी रु एकचालिस लाख छहयत्तर हजार तिन सय सोह्र मात्र) नगद लाभांस (बोनस शेयर बापतको कर भुक्तानी गर्ने प्रयोजनको लागि मात्र) वितरण गर्नको लागि पारित गर्ने ।

**(२) विशेष प्रस्ताव:**

क. कम्पनीमा कायम रहेको चुक्ता पूँजी रु ७९,३५,००,०००। को आ.व.०७९।०८० को संचित मुनाफावाट संचालक समितिको निर्णय बमोजिम १० प्रतिशत ले हुन आउने रकम रु ७,९३,५०,०००/-(अक्षरेपी रु सात करोड त्रियानब्बे लाख पचास हजार मात्र) बराबरको बोनश शेयर वितरण गर्न प्रस्ताव गरीएकोले उक्त बोनश शेयर वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारीत गर्ने ।
ख. कम्पनीको पूँजी बृद्धि गरी प्रवन्धपत्रको दफा ६ को खण्ड (क), (ख) र (ग)) संसोधन गर्ने सम्वन्धि विशेष प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।
ग. प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित संसोधनका सम्वन्धमा नियमनकारी निकायवाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संसोधन गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सम्वन्धि विशेष प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।
घ. ग्लासियर हाइड्रो प्रा.लि. अन्तर्गतको गोरखा जिल्ला स्थित दरौदी खोलामा प्रस्तावित माथिल्लो दरौदी बि साना जलविद्युत आयोजना (८.३ मे.वा.) र माथिल्लो दरौदी सि साना जलविद्युत आयोजना (९.८२ मे.वा.) मा लगानि गर्ने सम्वन्धमा प्रस्ताव माथि छलफल तथा पारीत गर्ने ।

**३. विविध विषयमा छलफल ।**

### बार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु

१. साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता किताबमा मिति २०८०/०९/१८ गते बन्द हुनेछ ।
२. नेपाल स्टक लिमिटेडमा मिति २०८०/०९/१७ गते सम्म शेयर कारोबार गरी नामसारीमा आएका शेयरधनीहरुले मात्र सभामा भाग लिन तथा मतदान योग्य हुनेछन् ।
३. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावले आफ्नो परिचय खुल्ने प्रमाण कागज लगायत हितग्राही खाता खोली शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ । अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाईने छैन ।
४. शेयरधनीहरुको दस्तखतको लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजेबाट खुल्ला गरिनेछ ।
५. उपस्थित गणपुरक संख्या सभा सञ्चालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा सञ्चालन हुनेछ ।
६. साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी ऐनको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि पत्र (प्रोक्सी) नियुक्त गर्नु पर्नेछ । यस्तो प्रोक्सी फाराम साधारण सभा हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरी सक्नु पर्नेछ । तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भएमा प्रतिनिधि पत्र स्वत: बदर हुनेछ ।
७. कुनै शेयरधनी महानुभावले छलफलका बिषयहरु विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धि कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारित गर्नको लागि समावेश गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।
८. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय भरतपुर महानगरपालिका वडा नं. १०, भरतपुर चितवन वा कम्पनीको कर्पोरेट कार्यलय कालिका टावर बालुवाटार, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध छ । साथै थप जानकारी कम्पनीको वेब साइट www.kalikapower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

**संचालकसमितिको आज्ञाले**
**कम्पनी सचिव**